**नगरसभाका अध्यक्ष ज्यू**
**नगरसभाका सदस्यज्यूहरु**

१. गोरखा नगरपालिकाको नगर उपप्रमुखको हैसियतले यस सम्मानित सभासमक्ष आगामी आर्थिक वर्ष २०७६।०७७ को बजेट प्रस्तुत गर्न पाउँदा अत्यन्त गौरवान्वित भएको छु ।

२. नगरसभाको महत्वपूर्ण अवसरमा राजनीतिक परिवर्तनको लागि जीवन उत्सर्ग गर्नु हुने सम्पूर्ण ज्ञात अज्ञात शहीदहरुप्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दछु । यसै गरी राष्ट्रियता, स्वाधीनता, लोकतन्त्र, सामाजिक न्याय, समानता र समृद्धिको लागि सङ्घर्ष गर्नु हुने महान् नेपाली नागरिक र त्यसको सबल एवम् सक्षम नेतृत्व गर्नु हुने नेपाली राजनीतिका प्रमुख व्यक्तिहरुप्रति हार्दिक सम्मान प्रकट गर्न चाहन्छु ।

३. लामो समय पछि नेपाली जनताको चाहना अनुरुप सङ्घीय स्वरुपको समावेशी, जनप्रतिनिधिमूलक लोकतान्त्रिक पद्धतिबाट नागरिकले खोजेको सेवा, चाहेको विकास र परिकल्पना गरेको समाजको निर्माण गर्ने प्रणाली स्थापित भएको छ । सङ्घीय शासन व्यवस्थाको कार्यान्वयनको चरणमा यस नगरपालिकालाई प्राप्त सम्पूर्ण स्रोत र साधनको सदुपयोग गरी विकास र समृद्धिको यात्रामा अविचलित रुपमा अघि बढ्न ठूलो प्रेरणा मिलेको छ ।

४. नेपालको संविधानमा उल्लेखित राज्यका निर्देशक सिद्धान्त, संघीय र प्रदेश सरकारका नीति तथा कार्यक्रम, विनियोजन ऐन, २०७६, आर्थिक ऐन, २०७६ नगरसभाबाट पारित नगरपालिकाको नीति तथा कार्यक्रमलाई कार्यान्वयन गर्ने गरी बजेट तर्जुमा गरेको छु । यसका साथै विभिन्न क्षेत्रका सरोकारवालाबाट प्राप्त हुन आएका महत्वपूर्ण सुझावलाई समेत बजेट निर्माणमा ध्यान दिएको छु ।

५. चालू आर्थिक वर्षको यस नगरपालिकाको नीति तथा कार्यक्रम र बजेट कार्यान्वयनबाट भौतिक तथा सामाजिक पूर्वाधारको निर्माणमार्फत आर्थिक तथा सामाजिक विकास गरी घरदैलोमा विकासका लाभहरु पुऱ्याई नागरिकको जीवनस्तरमा त्यसको प्रतिफल देखिन थालेको छ ।

६. आर्थिक, सामाजिक र भौतिक पूर्वाधार निर्माण कार्यमा तीव्रता आएको छ । स्थानीय तहको विकासमा गैरसरकारी संस्था, निजी तथा सहकारी क्षेत्रको उपस्थिति बलियो हुदैछ । समग्रमा नगरमा नगरबासीले अनुभूति गर्ने ढंगबाट जनसहभागितामूलक विकास पद्धतिको विकास भएको छ ।

७. बजेट तर्जुमा गर्दा मैले संघ र प्रदेश सरकारबाट आएका कार्यक्रमहरुसँग दोहोरो नपर्ने गरी समन्वयात्मक ढंगले सबै वर्ग र क्षेत्रलाई समेट्ने गरी उपलब्ध स्रोत र साधनको उपयोग गर्न ध्यान दिएको छु । साथै नगरपालिकाको अधिकारक्षेत्र, सार्वजनिक सेवा प्रवाहमा नगरको भूमिका र सञ्चालित विकास आयोजनाको कार्यान्वयनको अवस्थालाई ध्यानमा राख्दै चालू आर्थिक वर्षका कार्यक्रमलाई आवश्यकता अनुरुप परिमार्जन, संशोधन र निरन्तरता दिदै बजेट विनियोजन गरेको छु ।

८. वित्तीय संघीयता अनुरुप स्थानीय तहले प्राप्त गर्ने अनुदान र राजस्वलाई प्राथमिकीकरण गरी पर्यटन विकास, पूर्वाधार निर्माण र उद्यमशीलता प्रवर्द्धन हुने क्षेत्रमा लगानी केन्द्रित गरेको छु । यसबाट उत्पादन तथा उत्पादकत्व वृद्धि, पर्यटन प्रवर्द्धन, रोजगारी तथा स्वरोजगारका अवसरमा वृद्धि भई गरिबी न्यूनीकरण गर्दै नगरको समृद्धि हासिल हुने दिशातर्फ बजेट केन्द्रित गरेको छु ।

९. गोरखा नगरपालिका सेवा प्रवाहमा सुशासन, पर्यटन, कृषि, शिक्षा, स्वास्थ्य र पूर्वाधारका क्षेत्रमा दिगो विकासका दीर्घकालीन दृष्टिकोण अनुरुप आर्थिक सामाजिक विकासको मौलिक ढाँचामा अघि बढिरहेको छ । सबै नगरबासीलाई गुणस्तरीय आधारभूत शिक्षाको सुनिश्चितता, आधारभूत स्वास्थ्यमा पहूच,

घरघरमा स्वच्छ खानेपानी, सुरक्षित आवास, सामाजिक न्याय, मर्यादित काम, न्यूनतम खाद्य सुरक्षा जस्ता आधारभूत आवश्यकताहरुको परिपूर्ति गर्नु नै यो बजेटको उद्देश्य रहेको छ ।

१०. नगरको आर्थिक विकासको स्तर र विकासका लागि कानून तर्जुमा, भौतिक संरचनाको निर्माण र व्यवस्थापन, आन्तरिक स्रोतको परिचालन, उत्पादन र उत्पादक तत्व वृद्धि, योजनाको प्राथमिकीकरण र कार्यान्वन, सार्वजनिक निर्माणमा गुणस्तरीयता र सुशासन प्रवर्द्धन, सीपयुक्त दक्ष जनशक्तिको अभाव हाम्रा प्रमुख चुनौतीहरु हुन् ।

न्यून आर्थिक स्रोत, जनशक्तिको अभाव, पर्याप्त कानूनी व्यवस्थाको अभाव, खण्डीकृत र क्षेत्रगत तथ्यांकहरुको अभाव, कम लागतका धेरै योजनाहरु रहनु जस्ता प्रतिकूलताका बाबजुद पनि समग्रमा अघिल्लो वर्षको बजेट कार्यान्वयनको अवस्था सन्तोषजनक रहेको छ । अधिकांश आयोजनाहरु सम्पन्न भएका छन् ।

**अध्यक्ष ज्यू, सभाका सदस्यज्यूहरु**

११. अब म यस नगरपालिकाको कूल आय विवरण प्रस्तुत गर्न चाहन्छु । यस नगरपालिकालाई नेपाल सरकारबाट प्राप्त वित्तीय समानीकरण अनुदान रु. २३ करोड ३१ लाख, सर्शत अनुदान २६ करोड ९४ लाख, राजश्व बाँडफाँड रु. ११ करोड १४ लाख, विद्युत रोयल्टी १ करोड २४ लाख ४६ हजार ९ सय ४० र सामाजिक सुरक्षा भत्ताका लागि रु. १४ करोड तथा प्रदेश सरकारबाट प्राप्त हुने वित्तीय समानीकरण अनुदान १ करोड २९ लाख ५७ हजार, राजश्व बाँडफाँड ८५ लाख ८६ हजार, समपूरक अनुदान १ करोड, नगरपालिकाको आन्तरिक श्रोत रु. ५ करोड, आन्तरिक ऋण रु. १ करोड, सडक बोर्ड नेपालबाट रु. ९० लाख, नगर विकास कोषबाट ६ करोड र नगरपालिकाको नगद मौजाद रु. २ करोड, उपभोक्ता समितिबाट कार्यान्वन हुने योजनाहरुको नगद लागत सहभागिता रु. २ करोड ११ लाख १२ हजार ५ सय गरी कूल जम्मा ९६ करोड ८० लाख, २ हजार, ४४० रुपिया अनुमानित आय रहेको विवरण पेश गर्न चाहन्छु ।

**१२.अब म आगामी आ.व. ०७६/०७७ को बजेटको उद्देश्यहरु प्रस्तुत गर्ने अनुमति चाहन्छु । बजेटका उद्देश्यहरु निम्नानुसार रहेका छन्**

क) नागरिकको मौलिक हक र अधिकारको रुपमा रहेको आधारभूत आवश्यकताहरु शीघ्र परिपूर्ति गर्दै चरम गरिबी, विपन्नता र पछौटेपनको अन्य गर्नु ।

ख) उपलब्ध श्रोत, साधन, अवसर र क्षमताको उच्चतम परिचालन गरी आर्थिक विकास गर्नु ।

ग) आर्थिक, भौतिक तथा सामाजिक पूर्वाधार विकासमा समन्यायिक र सन्तुलित लगानी गर्नु ।

घ) पर्यटन, कृषि, शिक्षा र स्वास्थ्यको विकासबाट समुन्नत नगरको निर्माण गर्नु ।

ङ) संस्थागत क्षमता अभिवृद्धि गरी सुशासन प्रवर्द्धन गर्नु ।

**१३.आर्थिक वर्ष २०७६/०७७ को बजेटका प्राथमिकताहरु निम्नानुसार प्रस्तुत गरेको छु ।**

**समृद्ध नगर निर्माण गर्नका लागि मैले देहाय अनुसार नीतिगत, कार्यक्रमगत र प्रक्रियागत प्राथमिकता निर्धारण गरेको छु ।**

क) पर्यटन क्षेत्रको एकीकृत विकास

ख) कृषि क्षेत्रको आधुनिकीकरण, यान्त्रिकीकरण र व्यवसायीकरण

ग) भौतिक पूर्वाधार संरचनाको विकास तथा निर्माण,
घ) शिक्षा, स्वास्थ्य र सामाजिक सुरक्षाको प्रत्याभूति,
ङ) मानव संशाधनको विकास, विधिको शासन, सार्वजनिक सेवाको प्रभावकारिता, जवाफदेहिता र विकासमा जनसहभागिता मार्फत नागरिकहरुलाई अनुभूति हुने सुशासन प्रर्वद्धन ।
च) स्रोत साधन, अवसर र जनशक्तिको उच्चतम प्रयोग गर्न सहकारी, गैर सरकारी क्षेत्र र निजी क्षेत्र बीच सहकार्य ।

१४. प्रस्तुत बजेटको उद्देश्यहरु हासिल गर्न तथा प्राथमिकता कार्यान्वयन गर्न संघीय र प्रादेश सरकारसँग समन्वय र साझेदारी गर्नेछ । उपलब्ध पूँजी, प्रविधि, सीप र क्षमताको प्रभावकारी उपयोग गर्न गैरसरकारी संस्था, सहकारी र निजी क्षेत्रसँग सहकार्य गरिनेछ ।

**१५. नेपाल सरकारबाट प्राप्त सर्शत अनुदान वापतको रकम रु. २६ करोड ९४ लाख सोही शीर्षकमा आएका कार्यक्रमहरु प्रभावकारीरुपमा कार्यान्वयन गर्ने गरी आवश्यक व्यवस्था मिलाएको छु ।**

**अध्यक्ष ज्यू, नगरसभाका सदस्य ज्यूहरु**

१६. अब म यस नगरपालिकाको वडागत प्रक्षेपित योजना तथा कार्यक्रमको विवरण प्रस्तुत गर्न चाहन्छु । नगरपालिकाका सबै वडाहरुको समानुपातिक विकासका लागि प्रत्येक वडामा वडास्तरीय आर्थिक, सामाजिक र पूर्वाधार लगायतका क्षेत्रहरुको विकासका लागि रु. १ करोडका दरले जम्मा रु. १४ करोड रुपिया बजेट विनियोजन गरेको छु । जसबाट नगरका सबै वडाहरु समग्र विकासको स्तरमा पुग्ने अपेक्षा गरेको छु ।

वडास्तरीय बजेट अन्तर्गत पूर्वाधार विकासका लागि रु. ७० लाख जसमा वडाको महत्वपूर्ण पूर्वाधारका ठूला योजनाको लागि रु. ३० लाखको एउटा योजना हुने गरी बजेट विनियोजन गरेको छु । जस अन्तर्गत वडा नं. १ मा कमले स्वाँरा जनज्योति छतिवने बन्दिचौर बानिया गाउँ सडक स्तरवृद्धि, वडा नं.२ मा शिखर कोखे आहाले सडक स्तरोन्नति, वडा नं. ३ मा जोगी आहाल कोलडाडा बासँको गाज कोकले चौतारो आगेटारी सडक, वडा नं.४ मा ढाडेखोला ढुङ्गागाडे भगवती स्थान खानेपानी निर्माण, वडा नं. ५ मा सिम्लेपानी रातमाटे बेनीखोला अमराई सडक पक्की नाला तथा ग्राबेल कजवे तथा ढलान, वडा नं. ६ मा गोरखा उद्योग वाणिज्य संघको भवन देखि चण्डेनी चौतारा हुदै ठुलो गल्ली ढलान, वडा नं. ७ मा डण्डीडाडाको समीचौरमा वडा कार्यालय भवन निर्माण, वडा नं. ८ मा आहाले भन्ज्याङ्ग देखि थाकलडाडा सम्मको सडक निर्माण, वडा नं. ९ मा दल भञ्ज्याङ्ग कुवर वेशी ठुलो खोला सम्म सडक स्तरवृद्धि, पक्की नाला र ग्राभेल, वडा नं. १० मा चिप्लेटी नौविसे ढकालखोला ढोडे फाँट सडक निर्माण (स्तरोन्नति), वडा नं. ११ मा बरथोक बडहरे भुराज सडक स्तरवृद्धि, वडा नं. १२ मा कुवा गाँउ शिखरडाँडा आलेटार देविटार बडेखोला सडक स्तरवृद्धि, वडा नं. १३ मा मझुवा फेदि देखि गोरखा न.पा १४ वडा कार्यालयसम्म कच्ची मोटर बाटो, वडा नं. १४ मा वडा कार्यालय छाकु गोरबुङ्ग सलाङगीरी अकला मन्दिर मोटरबाटो सडक विस्तार र ग्राभेल पक्की नाला निर्माण रहेका छन् ।

त्यसैगरी आर्थिक विकासको लागि रु. ६ लाख, सामाजिक विकासको लागि रु. ६ लाख, वन, वातावरण तथा सरसफाईका लागि रु. ४ लाख, मर्मत सम्भारमा रु. ३ लाख, सुशासन तथा वडा कार्यालयको प्रशासनिक व्यवस्थापनको लागि रु. ६ लाख, जप्रतिनिधि, कर्मचारी, टोल विकास संस्थाका

पदाधिकारीहरुको क्षमता विकास तथा भ्रमणका लागि रु. ३ लाख, आर्थिक सहायता तथा पुरस्कारमा रु १ लाख र विविधमा रु. १ लाख हुने गरी बजेट विनियोजन गरेको छु।

त्यसै गरी नगरपालिकामा रहेका विषयगत शाखाहरुको कार्यक्रमको कार्यान्वयनका लागि रु.६ करोड ७१ लाख ३३ हजार विनियोजन गरेको छु। जसमा अनुगमन तथा प्रशासन तर्फ रु. २५ लाख, सहकारी तर्फ रु. १० लाख ५० हजार, सूचना तथा प्रविधि तर्फ रु. ५० लाख, पशु सेवा तर्फ ३४ लाख १५ हजार, कृषि सेवा तर्फ ६६ लाख ३० हजार शिक्षा, युवा तथा खेलकूद तर्फ रु. १ करोड ४३ लाख, ९८ हजार, न्यायिक समिति तर्फ ३२ लाख, स्वास्थ्य सेवा तर्फ ७४ लाख, आयुर्वेद सेवा तर्फ १८ लाख, सामाजिक विकास तथा महिला, बालबालिका तर्फ रु. ८३ लाख ५० हजार, राजस्व प्रशासन तथा सुदृढीकरण तर्फ ३ लाख ५० हजार, पूर्वाधार विकास तथा योजनाको (सफ्टवेयर कार्यक्रम) तर्फ रु. ५७ लाख, वातावरण सरसफाई तथा विपद् व्यवस्थापन तर्फ रु. ६५ लाख विनियोजन गरेको छु। त्यसै गरी कार्यालय व्यवस्थापन को चालु खर्च को ´ ९ करोड ९८ लाख २५ हजार रकम विनियोजन गरेको छु।

**अध्यक्ष ज्यू, नगरसभाका सदस्यज्यूहरु**

अब म यस आर्थिक वर्ष २०७६।०७७ को नगरस्तरीय योजना तथा कार्यक्रमहरुमा विनियोजन गरेको क्षेत्रगत रुपको बजेट प्रस्तुत गर्न चाहन्छु।

## क) पर्यटकीय पूर्वाधार

नगरमा पर्यटन प्रवर्द्धन गर्न पर्यटकीय पूर्वाधार विकासका लागि रु. ४ करोड ८० लाख विनियोजन गरेको छु। जसमा पाटेचौर रानीवन पन्थेस्वाँरा भिमसेन पार्क गोरखा दरबार पर्यटकीय मार्गको लागि रु. १ करोड ५० लाख, ऐतिहासिक गोरखा गेट निर्माणलाई निरन्तरताको लागि रु. १ करोड, गोरखा जाऔं अभियान तथा पर्यटन पूर्वाधारलाई रु २५ लाख, वडा नं. १४ मा अकला मन्दिर पर्यटकीय पूर्वाधार निर्माणका लागि रु १५ लाख, पश्चिमकाली पर्यटकीय पूर्वाधारका लागि रु. १५ लाख, होमस्टे प्रबर्द्धनको लागि रु. १५ लाख, रामशाह घाट संरक्षणका लागि रु. १५ लाख, प्याराग्लाइडिङको लागि रु. १० लाख, स्टोन पार्क लागि रु. १५ लाख, रानीवन पर्यटकीय पूर्वाधार, बूढीकोटी पर्यटन पूर्वाधार, विन्धवासिनी पर्यटकीय पूर्वाधार, वडा नं. १ मा अकला मन्दिर पार्क निर्माण लागि रु. १०/१० लाखका दरले विनियोजन गरेको छु।

नगरपालिकाको पर्यटन तथा विविध विषय वस्तुको बारेमा सूचना सम्प्रेषण गर्न पुरानो बसपार्कमा अडियो, भिडियो सहितको सूचना बोर्ड राख्न रु. १५ लाख तथा नगरपालिकाको प्रमुख पर्यटकीय स्थानहरु (५) मा फ्रि वाइफाइ जडान तथा विस्तारको लागि रु. ५ लाख विनियोजन गरेको छु। यसबाट गोरखा नगरपालिका आउने आन्तरिक तथा बाह्य पर्यटकहरुलाई सूचना तथा सञ्चारको लागि सहज हुने अपेक्षा गरेको छु।

## ख) सडक पूर्वाधार

सबै वडामा सबै टोल बस्तीमा सहज ढंगले यातायात सुविधा विस्तार गर्न सडक निर्माण तथा स्तरोन्नतिका लागि रु. ४ करोड विनियोजन गरेको छु। जस अन्तर्गत लक्ष्मीबजार डम्पिङ साइट हुदै लुदी खोला जाने सडक निर्माण गर्न रु. ५० लाख, सतीपीपल स्वाँरा सडक रु. ४० लाख, विन्धवासिनी डेरा गाउ सडक स्तरोन्नति रु. ४० लाख, थर्पु कोखे आहाले माटरबाटो निर्माण तथा स्तरोन्नतिका लागि रु. ३० लाख, चिल्ड्रेन पार्क मैदान सडक निर्माण तथा स्तरोन्नतिका लागि रु. २५ लाख,

कट्टेलचोक देखि आमडाडा सडक निर्माण तथा स्तरोन्नतिका लागि रु. २५ लाख, नगरपालिका हुदै तेह्रकिलो मोटरबाटो निर्माण तथा स्तरोन्नतिका लागि रु. २० लाख, नया बस्ती बराह सडक निर्माण तथा स्तरोन्नतिका लागि रु. २० लाख, चन्द्रज्योति डेरीबाट मैनधारा जाने बाटो ढलान, डेरागाउँ ज्यादुल कृषि सडक, छेवेटार सिम्लेपानी सडक निर्माण तथा स्तरोन्नतिका लागि रु. १५/१५ लाखको दरले विनियोजन गरेको छु ।

**ग) खानेपानी**

एक घर एक धारा खानेपानीको योजना कार्यान्वयन गर्नका लागि रु. १ करोड २८ लाख विनियोजन गरेको छु । जस अन्तर्गत स्याउली कुन्दुरटार खानेपानी योजनाको लागि रु ८० लाख, झिगँटे बानिया पधेँरा निर्माण तथा सूर्य बिरौटा देउराली खानेपानी योजना वडा नं. ३का लागि रु.१०/१० लाख तथा वडा नं. ९ मा भारतीय भूपू खानेपानी योजनाका लागि रु. ८ लाख विनियोजन गरेको छु ।

**घ) भवन**

सामुदायिक भवन, वडा कार्यालय भवन, अधुरो भवन निर्माण सम्पन्न गर्नका लागि रु. १ करोड ११ लाख विनियोजन गरेको छु । जस अन्तर्गत विभिन्न अधुरा मठ मन्दिर, सामुदायिक तथा महिला भवन सम्पन्न गर्नका लागि रु. २५ लाख, वडा नं. १२ वडा कार्यालय भवन निर्माण तथा वडा नं.२ मा ताप्लेमा सामुदायिक भवन निर्माणका लागि म्याचिङ बजेट रु. २०/२० लाख, इलम प्रशिक्षण केन्द्र भवन निर्माणका लागि रु. १० लाख विनियोजन गरेको छु ।

**ङ) धार्मिक सम्पदा**

नगरपालिका क्षेत्र भित्रका विभिन्न धार्मिक सम्पदा गुम्बा, चर्च, मस्जिद तथा मदरशा निर्माण तथा संरक्षणका लागि रु. ४५ लाख विनियोजन गरेको छु ।

**च) पशु सेवा**

व्यावसायिक तथा तवरले पशु पालन गर्ने किसानहरुलाई प्रोत्साहन गर्नका लागि अनुदान दिन रु. ४० लाख २० हजार विनियोजन गरेको छु ।

**छ) कृषि सेवा**

नगरमा कृषि पेशालाई सहजीकरण गर्न, कृषिमा आधुनिकीकरण तथा यान्त्रिकीकरण गर्न तथा प्रांगारिक मलमा अनुदान तथा रासायनिक मल ढुवानीमा अनुदान दिनको लागि रु. ३० लाख विनियोजन गरेको छु ।

**ज) शिक्षा, युवा तथा खेलकुद**

शिक्षा, युवा तथा खेलकुद तर्फ रु. १ करोड ६५ लाख विनियोजन गरेको छु । जस अन्तर्गत छेवेटार खेलमैदान स्तरोन्नतिका लागि रु. ६० लाख, नगरस्तरीय खेलकूद कार्यक्रम गर्नका लागि रु. ५० लाख, गोरखा क्याम्पस आवश्यक भौतिक पूर्वाधार निर्माण, द्रव्यशाह बहुमुखी क्याम्पस शैक्षिक विकास कार्यक्रमका लागि रु. २०/२० लाख तथा युवा लघु उद्यमी कार्यक्रमका लागि रु.१५ लाख विनियोजन गरेको छु ।

**झ) सामाजिक विकास**

विपन्न, अशक्त, जेष्ठ नागरिक नगर प्रमुख वीमा कार्यक्रमका लागि रु. २५ लाख, पोषिलो झोला कार्यक्रम सञ्चालन गर्नका लागि रु. २६ लाख, महिलाको नेतृत्व तथा क्षमता विकासका लागि उपप्रमुख सबल नेतृत्व कार्यक्रम अन्तर्गत रु. २५ लाख, गोरखा नगरपालिका क्षेत्रभित्र कार्यरत पत्रकारहरुको क्षमता विकास गर्नका लागि क्षमता विकास तालिम तर्फ रु. ५ लाख विनियोजन गरेको छु ।

साथै नगरपालिकाको सेवा प्रवाहसँग सम्बन्धित सूचना, सन्देश तथा जानकारी दिई जनताहरुलाई सुसूचित गराउन रेडियो कार्यक्रमका लागि रु. ५ लाख विनियोजन गरेको छु ।

त्यसैगरी सामाजिक सुरक्षा भत्ता तर्फ रु. १४ करोड विनियोजन गरेको छु ।

**ञ) वन, वातावरण, सरसफाइ तथा विपद् व्यवस्थापन**

वन, वातावरण, सरसफाइ तथा विपद् व्यवस्थापनमा रु. ७५ लाख विनियोजन गरेको छु । जस अन्तर्गत विपद् व्यवस्थापनका लागि रु. ३० लाख, सरसफाई केन्द्र निर्माण तथा स्थापनाका लागि रु.२५ लाख, सामुदायिक वनसँगको साझेदारी कार्यक्रम( वन व्यवस्थापन/पानी पोखरी संरक्षण/वृक्षारोपणका लागि रु.५ लाख विनियोजन गरेको छु ।

**ट) न.पा. भित्रका सार्वजनिक सम्पत्ति संरक्षणका** लागि रु. २० लाख विनियोजन गरेको छु ।

**ठ) नगरपालिका भित्र निर्मित भौतिक पूर्वाधार तथा सम्पदाहरुको मर्मत सम्भारको** लागि रु. ३० लाख विनियोजन गरेको छु ।

ड) नगरपालिका भित्रका धार्मिक तथा सामाजिक सेवा गर्ने उद्धेश्यले स्थापित भएका गुरु गोरक्ष आश्रम, गुरुकुल विद्यालय, मानव सेवा आश्रम तथा श्रीकृष्ण प्रणामी मंगल वृन्दावनको **व्यवस्थापन, संरक्षण र प्रवर्द्धन गर्न रु** रु. २३ लाख विनियोजन गरेको छु ।

**ढ) सिंचाई नपुगेका जग्गालाई सिंचाई गरी तरकारी तथा फलफूल उत्पादन वृद्धि गर्न सिंचाई को लागी रु. १० लाख विनियोजन गरेको छु ।**

**१७. सडक बोर्डबाट प्राप्त हुने ९० लाख रुपिया शहरी क्षेत्रको कालोपत्रे सडक मर्मत गर्नका लागि विनियोजन गरेको छु । त्यसै गरी नगर विकास कोषबाट प्राप्त हुने रु. ६ करोडबाट वि.पी.चोकबाट नया बजार जाने स्थानमा पसल कबल गर्नका रकम व्यवस्था गरेको छु ।**

१८. नेपाल सरकारबाट निजामती कर्मचारीका लागि घोषणा गरिएको तलब वृद्धि दरमा एकरुपता हुने गरी यस नगरपालिकामा कार्यरत सम्पूर्ण कर्मचारीको तलब वृद्धि समायोजन गरिनेछ । साथै कार्यप्रकृति, कार्यबोझ र कार्य सम्पादनको आधारमा अतिरिक्त समय काममा खटिएका कर्मचारीलाई अतिरिक्त सुविधाको व्यवस्था गरिनेछ ।

**अध्यक्ष ज्यू, नगरसभाका सदस्यज्यूहरु,**

१९. मैले प्रस्तुत गरेको बजेटको कार्यान्वयनबाट सम्पूर्ण नगरबासीहरुमा संविधान प्रदत्त मौलिक हक र अधिकार सुनिश्चित हुदै जाने तथा सार्वजनिक सेवाको प्रभावकारिता एवं गुणस्तर अभिवृद्धि हुने विश्वास लिएको छु । पर्यटन पूर्वाधारको विकासमा टेवा पुग्ने साथै आर्थिक तथा सामाजिक क्षेत्रमा सकारात्मक परिवर्तनको महसुस हुने विश्वास लिएको छु ।

यो बजेट तर्जुमा गर्दा मार्गनिर्देशन गर्नु हुने नगर प्रमुखज्यूप्रति हार्दिक आभार प्रकट गर्दछु । साथै सम्पूर्ण नगरसभाका सदस्यज्यूहरु, विभिन्न राजनीतिक दलका पदाधिकारीहरु, निजी, सहकारी तथा गैरसरकारी संघ संस्था, नागरिक समाज, पत्रकार तथा सबै सरोकारवाला निकायहरुबाट प्राप्त सल्लाह, सुझाव, सहयोग र प्रेरणाप्रति आभार प्रकट गर्दछु ।

अन्त्यमा, बजेट तर्जुमामा अहोरात्र खटिने नगरपालिकाका सम्पूर्ण कर्मचारीहरुलाई विशेष धन्यवाद दिदै यो बजेट कार्यान्वयनमा पनि सबै पक्ष र क्षेत्रको उत्तिकै सहभागिता, सहयोग र सक्रियताको अपेक्षा गरेको छु ।

धन्यवाद